# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ९, संख्याः ८, श्रावण २८ गते, २०८२ साल**


व्यास नगरपालिकाको नगर सभाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## आर्थिक सहायता (नियमित गर्ने) कार्यविधि, २०८२

कार्यपालिकाबाट पारित मिति : २०८२।४।२२

**प्रस्तावना** : गरिब एवं विपन्नहरुका लागि आर्थिक सहायता प्रदान गर्ने कार्यमा एक रुपता ल्याउन वाञ्छनीय भएकोले व्यास नगरपालिकाका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिमले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाबाट यो कार्यविधि निर्माण गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "आर्थिक सहायता (नियमित गर्ने) कार्यविधि, २०८२" रहेकोछ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कार्यविधि" भन्नाले व्यास नगरपालिकाको आर्थिक सहायता (नियमित गर्ने) कार्यविधि, २०८२ सम्झनु पर्छ ।

(ख) "आर्थिक सहायता" भन्नाले दिन दुःखी, दीर्घ रोगी तथा आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरुलाई नगर कार्यपालिकाले निर्णय गरी उपलब्ध गराउने रकम सम्झनु पर्छ ।

(ग) "दीर्घ रोगी" भन्नाले नेपाल सरकारले दीर्घ रोग भनी किटान गरेका रोग सम्झनुपर्छ ।

(घ) "प्रमुख" भन्नाले व्यास नगरपालिकाका नगर प्रमुख सम्झनुपर्छ ।

(ङ) "उपप्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर उपप्रमुख सम्झनुपर्छ ।

(च) “प्रमुख प्रशासकीय अधिकारी” भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(छ) “नगरपालिका” भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।

(ज) “कार्यपालिका” भन्नाले व्यास नगर कार्यपालिका सम्झनुपर्छ ।

३. **आर्थिक सहायता :** (१) नगरपालिकामा स्थायी बसोबास गर्ने विपन्न, दीर्घ रोगी र नगरपालिका बाहिरका बेखर्ची कुनै व्यक्तिलाई नगर सभाले विनियोजन गरेको बजेट सीमामा रही सहायता प्रदान गर्न सकिनेछ ।

४. **आर्थिक सहायता दिने आधार :** नगरपालिकामा आर्थिक सहायता माग गर्दा सम्बन्धित व्यक्तिले निम्न प्रकृया पूरा गर्नुपर्नेछ :

(क) सम्बन्धित व्यक्तिले आफ्नो नागरिकताको प्रतिलिपि, उपचार गराएको भए चिकित्सकको प्रेस्कृप्सनको फोटोकपी सहित निवेदन दिनुपर्नेछ ।

(ख) सम्बन्धित वडा अध्यक्षबाट बिरामी भएको विपन्नता सिफारिस पत्र ।

(ग) नगरपालिका बाहिरको बेखर्ची वा दीर्घ रोगी भएमा सोको आधार सहितको निवेदन दिनुपर्नेछ ।

(घ) त्यसरी निवेदन पर्न आएमा प्रमुख/उपप्रमुख/प्रमुख प्रशासकीय अधिकृतको आदेशमा स्वास्थ्य तथा जनसंख्या शाखाबाट उपचार सम्बन्धी अवस्थाको लिखित राय लिइनेछ ।

५. **आर्थिक सहायता उपलब्ध हुन सक्ने :** आर्थिक सहयोग माग गर्ने व्यक्तिले दफा ४ बमोजिम प्रकृया पूरा गरेपछि निम्नानुसार आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ :

(क) नगरपालिकामा स्थायी बसोबास हुने जटिल विपन्न बिरामीको हकमा प्रमुख वा कार्यवाहक प्रमुखबाट बढिमा रु.१५,०००। (पन्ध्र हजार) सम्म उपलब्ध गराउन सक्नेछन् ।

(ख) नगरपालिका बाहिरका जटिल बिरामीको हकमा प्रमुख वा कार्यवाहक प्रमुखबाट बढिमा रु.५,०००। (पाँच हजार) सम्म उपलब्ध गराउन सक्नेछन् ।

(ग) बेखर्ची भई अलपत्र परेका नगरपालिका बाहिरका व्यक्तिलाई बढिमा रु.३,०००। (तीन हजार) सम्म मात्र प्रमुख वा कार्यवाहक प्रमुखबाट सहयोग उपलब्ध गराउन सकिनेछ ।

(घ) माथि लेखिएभन्दा जटिल अवस्था देखी विशेष सहयोग दिनुपर्ने भएमा कार्यपालिका बैठकबाट निर्णय गरिए बमोजिम हुनेछ ।

(ङ) एक आर्थिक वर्षमा एक पटक मात्र आर्थिक सहयोग उपलब्ध गराइने छ ।

(च) विपन्न एवं अपाङ्गता भएका व्यक्ति र किसानहरुको हकमा कार्यपालिकाको निर्णयबाट स्वास्थ्य बिमा गर्न सकिनेछ ।

६. **आर्थिक सहायता उपलब्ध गराउन नसकिने अवस्था :** देहाय बमोजिमको अवस्थामा आर्थिक सहायता उपलब्ध गराइने छैन :

(क) सोही आर्थिक वर्षमा सहयोग लिइसकेका भए पुनः दिइने छैन ।

(ख) मासिक रु.५,०००। (पाँच हजार) पाउने बिरामीको हकमा सो प्राप्त हुन थालेपछि यस्तो सहयोग उपलब्ध गराइने छैन ।

७. **अभिलेख राख्नुपर्ने** : सहयोग प्राप्त अभिलेख सम्बन्धित वडा र स्वास्थ्य शाखामा राखिनेछ ।

८.    **संशोधन** : यस कार्यविधिमा उल्लेखित विषयमा आवश्यकता अनुसार कार्यपालिकाबाट संशोधन गर्न सकिनेछ ।

९.    **खारेजी** : आर्थिक सहायता (नियमित गर्ने) कार्यविधि, २०७७ लाई खारेज गरिएको छ र सो कार्यविधिबाट भए गरेका कार्यहरु यसै कार्यविधिबाट भए गरेको मानिनेछ ।

आज्ञाले
काशी राम गैरे
प्रमुख प्रशासकीय अधिकृत